# अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड

को

# नवौं बार्षिक साधारण

सभाको

# निर्णय विवरणहरु

(माईन्यूट)

२०८२/०६/०९

# अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड

# को

# नवौं बार्षिक साधारण सभाको निर्णय विवरणहरु (माईन्यूट)

यस अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड (कम्पनी) को नवौं बार्षिक साधारण सभा यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री सौरभ ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. सभाको स्थान, मिति र समय

मिति : २०८२ साल आश्विन महिना ०९ गते बिहिबार (तदनुसार २५ सेप्टेम्बर, २०२५)

स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चप्पल कारखाना चोक, काठमाडौं ।

समय : बिहान १०:०० बजे

२. सूचना प्रकाशन:

(क) यस कम्पनीको मिति: २०८२/०५/११ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीले नवौं बार्षिक साधारण सभा बस्ने सूचना मिति २०८१/०५/१६ र मिति २०८१/०५/१७ मा प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

(ख) यस कम्पनीको नवौं बार्षिक साधारण सभामा उपस्थित हुन सम्बन्धित नियमक निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेड, विद्युत नियमन आयोग, विद्युत विकास विभागलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. छलफलका लागि सभामा प्रस्ताव गरिएका विषयहरु :

क) साधारण प्रस्ताव

१. संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।

३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने ४ जना संचालकहरुको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्तावहरु

१. कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी, सोही बमोजिम प्रवन्धप्रत्र संशोधन गर्ने सम्बन्धमा ।

२. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने बारे ।

३. हकप्रद शेयर निष्काशानबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।

Upper Syange Hydropower Ltd.

४. आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

५. प्रबन्धपत्र र नियमवली समसामयीक संशोधन/थप गर्ने ।

६. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्ने निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अखितयारी प्रत्यायोजन गर्ने ।

७. कम्पनी गाभ्ने सम्वन्धमा ।

४. सभामा उपस्थित (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :

(क) सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री सौरभ ढकाल | अध्यक्ष |
| २. | श्री विर बहादुर घले | प्रबन्ध संचालक |
| ३. | श्री केसांग श्रेष्ठ | सञ्चालक |
| ४. | श्री सुरज राजबाहक | सञ्चालक |
| ५. | श्री दिपिका ज्ञवाली | सञ्चालक |
| ६. | श्री मणि थापा | सञ्चालक |
| ७. | श्री सम्झना त्रिपाठी | सञ्चालक |

(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति

१) श्री विज घले- कम्पनी सचिव

२) श्री रवि लामिछाने – वरिष्ठ लेखा अधिकृत

३) श्री रोहित घले – सहायक

४) श्री टेक बहादुर ढकाल-सवारी चालक

५) श्रीमती लाल कुमारी घले-कार्यालय सहयोगी

५. सभाको गणपूरक संख्या:

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | २२,००,००० |
| आवश्यक न्यूनतम गणपुरक शेयर संख्या | ११,२२,००० |
| स्वयं उपस्थित शेयर संख्या | ९४,१९३ |
| प्रतिनिधि मार्फत उपस्थित शेयर संख्या | १२,३९,९२७ |
| जम्मा उपस्थित शेयर संख्या | १४,२४,१९३ |
| जम्मा उपस्थित शेयर प्रतिशत | ६४.७४% |
| शेयरधनी स्वयम उपस्थिति | २६ |
| प्रतिनिधि मार्फत | ३ |
| जम्मा उपस्थित शेयरधनी संख्या | २९ |

Upper Syange Hydropower Ltd.

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

६. सभाको वैधानिकता:

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान १०:०० बजे सम्म कूल शेयर संख्या २२,००,००० कित्ताको ५१ प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कम्पनी सचिवले सभालाई अवगत गराउदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार १४,२४,१९३ कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७. सभाको अध्यक्षता:

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सौरभ ढकालज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आशन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, तथा आमन्त्रित कम्पनीका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ-आफ्नो स्थानमा आशन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आशन ग्रहण गर्नुभयो ।

८. अध्यक्षज्यूको मन्तव्य:

सभामा स्वयं तथा प्रोक्सि मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु सँगै यस चालु आ.व. २०८१।८२ को असाढ मसान्त सम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त रुपमा प्रतिवेदन प्रस्तुत गर्नुभयो । कम्पनीलाई थप सफलता दिलाउने तर्फ कम्पनीको सञ्चालक समिति एवं कम्पनी व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस बार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

९. छलफलका लागि आह्वान :

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिबले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१०. छलफलमा सहभागी हुने शेयरधनीहरुको व्यक्त धारणा, तथा सुझाव:

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:-

१. श्री जगन्नाथ आचार्य : सभालाई सम्बोधन गर्दै कम्पनीले आगामी आर्थिक वर्षमा शेयरधनीहरुलाई पनि केही लाभांश वितरण होस् र हकप्रद शेयर निष्काशण उत्कृष्ट प्रस्ताव रहेको भन्ने अपेक्षा राख्दै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

Upper Syange Hydropower Ltd.

२. श्री भेषराज भण्डारी : सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएकोमा कम्पनीलाई धन्यवाद एवम् हकप्रद शेयर निष्काशण गरी लिलामी गर्नुपर्ने अवस्थामा वर्तमान शेयरधनीहरुलाई प्रथमिकता दिइयोस र लाभांश वितरण गर्नुपर्ने भनी कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

३. श्री सुदिप श्रेष्ठः सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएको र हकप्रद निष्काशनमा मञ्जुरी र मर्जर उचित कम्पनीसँग गर्न सुझाव दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

४. श्री शत्रुधन श्रेष्ठः सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएको र हकप्रद निष्काश प्रकृया शिघ्रमा सम्पन्न गरी र आगामी साधारण सभामा परियोजनाको भिडियो प्रस्तुत गर्न सुझाव दिदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

५. श्री इन्द्र प्रसाद लामिछानेः सभालाई सम्बोधन गर्दै कम्पनी बारे धेरै जिज्ञासाहरु अध्यक्षज्यूको मन्तव्यबाट जानकार भएको तथा हकप्रद निष्काश प्रकृयाबाट प्राप्त रकमको उचित लगानी गर्न र कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो ।

६. श्री ब्रम्हदेव शाक्य : सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएको र हकप्रद निष्काशनमा सहमती र अर्को वर्ष लाभांश वितरण गर्न र मर्जर उचित कम्पनीसँग गर्न सुझाव दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

७. श्री गोविन्द बहादुर के.सिः सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएको र हकप्रद निष्काशनमा सहमती र अर्को वर्ष लाभांश वितरण गर्न र मर्जर उचित कम्पनीसँग गर्न सुझाव दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

८. निरुपमा गुप्ताः सभालाई सम्बोधन गर्दै कम्पनीले छोटो समयमै प्रगति गर्न सफल भएको र हकप्रद निष्काशनमा सहमती र अर्को वर्ष लाभांश वितरण गर्न र आगामी साधारण सभामा परियोजनाको भिडियो प्रस्तुत गर्न सुझाव दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो।

९. श्री डम्बर बल्लभ घिमिरेः सभालाई सम्बोधन गर्दै कम्पनी बारे धेरै जिज्ञासाहरु अध्यक्षज्यूको मन्तव्यबाट जानकार भएको तथा हकप्रद निष्काश प्रकृयाबाट प्राप्त रकमको उचित लगानी गर्न र कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो ।

१०. ई. बैजूनाथ रौनियारः सभालाई सम्बोधन गर्दै कम्पनी बारे धेरै जिज्ञासाहरु अध्यक्षज्यूको मन्तव्यबाट जानकार भएको, कम्पनीको शेयरको मूल्य बढी रहेकोमा खुशी भएको तथा कम्पनीको साधारण सभा दशैभन्दा अगाडि नै संचालन गर्नु भएकोले कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनुभयो ।

११. <u>सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरणः</u>

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यू र प्रबन्ध संचालक ज्यूले देहाय बमोजिम जिज्ञासाहरुलाई स्पष्ट गर्नु भयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

Upper Syange Power Ltd.

अध्यक्षज्यूको जवाफः

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भए सम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि कम्पनीले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो ।

१२. सभाको प्रस्ताव तथा पारित निर्णयहरुः

(क) साधारण प्रस्ताव तर्फ :

(१) संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

यस कम्पनीको अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन यस सभामा पेश गर्नुभयो र उक्त प्रतिवेदनमा छलफल भई अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको संचालक समितिको प्रतिवेदन पारित गरियोस् भनी प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सम्बन्धी छलफल गरि स्वीकृत गर्ने ।

यस कम्पनीको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन बमोजिम कम्पनीको आय व्यय विवरण तथा कम्पनीको नाफा नोक्सान स्पष्ट देखाएको ठहर गरी सो प्रतिवेदनलाई अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि श्री **S.R. PANDEY & CO.** लाई लेखापरिक्षकमा नियुक्त गर्ने र निजलाई मूल्य अभिवृद्धि कर बाहेक रु. २,००,०००।- ( अक्षेरुपी दुई लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने ४ जना संचालकहरुको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

यस कम्पनीको संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने संचालकहरुको निर्वाचनबाट निम्न उम्मेद्धारहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता अजय श्रेष्ठ ज्युले गर्नु भयो । साथै, निर्वाचित उम्मेद्धारहरुलाई संचालक नियुक्त गर्ने निर्णय पारित गरियो ।

| क.स. | उम्मेद्धारहरु | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री बिर बहादुर घले | संचालक | निर्विरोध निर्वाचित |
| २ | श्री सौरभ ढकाल | संचालक | निर्विरोध निर्वाचित |
| ३ | श्री केसाग श्रेष्ठ | संचाल | निर्विरोध |

Upper Syange Hydropower Ltd.

| | | | |
|---|---|---|---|
| ४ | श्री दिपेश पोते श्रेष्ठ | संचालक | निर्विरोध निर्वाचित |

ख) विशेष प्रस्ताव तर्फः

१. कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, सोही बमोजिम प्रबन्धप्रत्र संशोधन गर्ने सम्बन्धमा ।

यस कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, निम्न बमोजिम प्रबन्धप्रत्रमा संशोधन गर्ने निर्णय गरियो ।

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ को संशोधन<br><br>६. कम्पनीको पूँजीको संरचना :<br><br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. २२,००,००,०००।- (बाइस करोड रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका २२,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. २२,००,००,०००।- (पाँच करोड रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका २२,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(घ) छैन । | ६. कम्पनीको पूँजीको संरचना :<br><br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. ४४,००,००,०००।- (चवासिल करोड रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ४४,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. ४४,००,००,०००।- (चवालिस करोड रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ४४,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(घ) संस्थापक शेयरधनीहरुलई समूह "क" मा वर्गिकरण गरिएको छ । र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ६०.४५ प्रतिशत अर्थात् २६,५९,८०० ।- कित्ता शेयर हुनेछ । सर्वसाधारण शेयरधनीहरुलाई समूह "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ३९.५५ प्रतिशत अर्थात् १७,४०,२०० ।- कित्ता शेयर हुनेछ । सर्वसाधारण शेयरधनीलाई दिइने मध्ये प्रचलित ऐन नियम बमोजिम बढिमा ५ प्रतिशत सम्म | हकप्रद शेयर निष्काशन प्रयोजनको लागि |

Upper Syange Hydropower Ltd.

| | | |
|---|---|---|
| | शेयर यस कम्पनीका कर्मचारीहरुलाई निष्काशन गर्न सकिनेछ । | |

२. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने बारे ।

यस कम्पनीले चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरियो । साथै, हकप्रद शेयर जारी गर्न आवश्यक कार्यको लागि संचालक समितिलाई जिम्मेवारी दिने निर्णय समेत गरियो ।

३. हकप्रद शेयर निष्काशानबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।

यस कम्पनीले हकप्रद शेयर जारी गरी प्राप्त रकमबाट बैंकको ऋण चुक्ता गर्ने वा शेयरधनीहरुको एडभान्स चुक्ता गर्ने वा यस कम्पनीको सहायक कम्पनीमा लगानी गर्ने निर्णय गरियो ।

४. आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा ब्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

यस कम्पनीले आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम रु १,५३,०००/- (एक लाख त्रिपन्न हजार रुपैया मात्र) अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रबन्धपत्र र नियमवली समसामयीक संशोधन/थप गर्ने ।

नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम समसामयीक संशोधन/थप गर्न संचालक समितिलाई अख्तियारी पत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्ने निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

प्रबन्धपत्र तथा नियमावली संसोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी पत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. कम्पनी गाभ्ने सम्वन्धमा ।

यस कम्पनीले सक्षम एव उपयुक्त कम्पनीलाई यस कम्पनीसँग गाभ्ने विषयमा संचालक समितिबाट अध्ययन भई रहेको व्यहोरा प्रस्तुभएको सन्दर्भलाई हेर्दा नियमक निकायको स्विकृतिमा यस कम्पनीले कुनै कम्पनी गाभ्न उपयुक्त देखेमा सो सम्बन्धी आवश्यक निर्णयको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

(३) विविध ।

Upper Syange Hydropower Ltd.

१३. धन्यवाद ज्ञापन

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले नवौं बार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा कम्पनीको बार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, व्यवस्थापन समूह, लगायत सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्युहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन:

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले कम्पनीको बार्षिक साधारण सभा दिनको १२:४५ बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

श्री विज घले
(कम्पनी सचिव)

Upper Syange Hydropower Ltd.

श्री सौरभ ढकाल
(अध्यक्ष)